


## ईस्तिरी

ईस्तिरी सही तापमान सेटिङ्गमा प्रयोग गर्नुहवस् । प्रत्येक थोक ईस्तिरी नगर्नुहवस् । तौलियाहरु, कट्टुहरु, ड्रिप ड्राई कमेजहरु ईत्यादि ईस्तिरी गर्ने आवश्यकता छैन ।

## टम्बल ड्रायर

लुगा सुकाउनु भन्दा अघि जति सक्दो बढी पानी हटाउनुहवस् । पूर्ण भारको निम्ति पर्खनुहवस् र अति सुक्खा नबनाउनुहवस् ।





## दुर दर्शन

कसैले टिवि हेरेको छैन भने बन्द गर्नुहवस् । पृष्ठभूमि संगीतको निम्ति यसलाई प्रयोग नगर्नुहवस् ।




## प्रकाश

जब तपाईं घरमा हुन्छ, कसैले व्यवहार नगरेको कोठा को बत्तीहरु निभाउनु हवस् । न्युनतम आवश्यक बत्तीहरु मात्र व्यवहार गर्नुहवस् । प्रयोजन भन्दा बढी वाटेज को बत्तीहरु प्रयोग नगर्नुहवस् – कम शक्तिको बल्बहरु उपयोग गर्नुहवस् ।

## लुगा धुने मेशिन

तपाईंको लुगा धुने मेशिन क्षमता भन्दा कममा प्रयोग गर्नु अपव्यय हुन्छ । कम तापमानको सेटिङ्ग, अथवा छोँटो प्रोग्राम प्रयोग गर्नुहवस् ।




माथि का चरणहरु सजिलै बानी बस्न सक्छ, एउटा राम्रो बानी जसले तपाईंको खल्ति साथै पर्यावरण लाई पनि फाईदा हुन्छ ।

HEC (Nepali) Printed on Recycled Paper 2011/11/1000

港燈
HK Electric

# घरमा बिजुलीको कार्यकुशल प्रयोग




घरमा प्रयोग गरिने बिजुलीका सामानहरु आज को घरमा आवश्यक छन् किनकि ती अत्यन्त सुविधाजनक अनि प्रभावकारी हुन्छन् । ती व्यवहार गर्ने आनन्द लिँदा हामी ले बिजुलीको कार्यकुशल प्रयोग को महत्व विचार गर्नु पर्छ ।

तपाईंको बिजुलीको सामानहरुको, बिजुली खेर नफाली, बुद्धिमानीपूर्ण प्रयोगले सञ्चालन खर्च मा तपाईंको पैसाको बचत गर्दछ मात्र होईन यसले पर्यावरण संरक्षणलाई पनि मदत गर्दछ ।

कसरी बिजुली खेर फाल्न देखि बच्ने केही साधारण संकेतहरु तल छन् ।

## पानी तताउने मेशिन

गर्मीमा थर्मोस्ट्याट जाँच गर्नुहवस् र सेटिङ्ग कम गर्नुहवस् । शावरमा नुहाउनु हवस् । यसले वास्तवमा खर्चमा दुई तिहाई कटौति गर्छ ।



## कित्ली

चाहिए जति मात्र पानी उमाल्नुहवस् । पानी उम्लिँदा सिटि बज्ने कित्ली ले पानी उम्लेको जानकारी दिन्छ र तपाईंको ईन्धन बचाउँछ । स्वयं अफ् हुने कित्लीहरु झन् राम्रो ।




## एयर कन्डिशनर

तपाईंको एयर कन्डिशनरको थर्मोस्ट्याट कोल्डेस्ट स्तरमा नराख्नु हवस् । याद गरेर ढोकाहरु र झ्यालहरु बन्द गर्नुहवस् ।



## रेफ्रिजरेटर

रेफ्रिजरेटरको ढोका ठीक सित बन्द गर्न निश्चित गर्नुहवस् । चाहिँदो भन्दा बढी ढोका खोल्न बाट बच्नुहवस् । प्रयोजन भन्दा बढी चीसोमा सेट नगर्नुहवस् । अत्यधिक बरफ जम्दा बिजुली खेर जान्छ – तपाईंको रेफ्रिजरेटरलाई नियमित रुपमा डिफ्रस्ट गर्नुहवस् ।





## पकाउने भाँडा

तपाईंको शसप्यानहरु ढाकी राख्नुहवस् अनि चाहिँदो भन्दा बढी पानी व्यवहार नगर्नुहवस् ।



## भुईं पालिश गर्ने र भ्याक्युम क्लिनर

तपाईंले कार्पेट भ्याक्युम गर्ने र भुईं पालिश गर्ने कामको संख्या कम गर्नुहवस् ।